बैठक सञ्चालन कार्यविधि-२०७४

**अनुसूची-१**

**बुदा नं. १२.२ संग सम्बन्धित**

बैठक संख्या: १३५

मिति: २०८३/०२/१८

अध्यक्षता: श्री ऋषिकेशव बुढामगर

**कार्यपालिकाका पदाधिकारीहरू:**

| | | |
|---|---|---|
| १. | श्री ऋषिकेशव बुढामगर | अध्यक्ष |
| २. | श्री सर्मिला बुढामगर | उपाध्यक्ष |
| ३. | श्री गणेश वि.क. | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री हिरा प्रसाद बुढामगर | १ नं. वडा अध्यक्ष |
| ५. | श्री अभिलाषा रोका | २ नं. वडा अध्यक्ष |
| ६. | श्री जनक बुढा | ३ नं. वडा अध्यक्ष |
| ७. | श्री हिक्मत घर्तीमगर | ४ नं. वडा अध्यक्ष |
| ८. | श्री बुद्धि बहादुर घर्ती | ५ नं. का.वा. वडा अध्यक्ष |
| ९. | श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. | श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. | श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

**आमन्त्रित**

१. भिमसेन बुढामगर — सूचना प्रविधि अधिकृत

२. सरोज रोका — कार्यालय सहयोगी

**प्रस्तावहरू:**

१ कार्यविधि स्वीकृती सम्वन्धमा ।

२ गाँउ सभा समापन सम्वन्धमा ।

४ विविध सम्वन्धमा ।

**निर्णयहरू:**

**१ प्रस्ताव न १ माथी व्यापक छलफल गर्दा देहाय बमोजीमको विधेयक तथा कार्यविधिहरु सर्वसम्मतीले पारित गरियो ।**

**१ स्थानिय आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व विधेयक २०८३**

**२ बेरुजु फस्यौट कार्यविधि २०८३**

**३ लेखा समिती गठन तथा सन्चालन कार्यविधि २०८३**

**४ कृषी एम्वुलेन्स सन्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०८३**

**५ विज्ञापन व्यवस्थापन तथा नियमन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८३**

**६ लेखा समिति गठन तथा कार्यसन्चालन कार्यविधि २०८३**

**७ सुचना तथा अभिलेख केन्द्रको स्थापना तथा सन्चालन सम्वन्धी कार्यविधि २०८३**

**२ प्रस्ताव न २ मा छलफल गर्दा यस थवाङ गाँउपालिका को १८ हिउदे अधिवेशन को दोस्रो बैठक मिति २०८३/०२/१८ गते का दिन समापन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।**

**३ प्रस्ताव न ३ व्यापक छलफल गर्दा देहाय बमोजीम को निर्णय सर्वसम्मतीले पारित गरियो ।**

**क) यस थवाङ गाउँकार्यपालिका मा रहेको लुम्विनि प्रदेश ०१-००१झ ००३८ कृषी एम्बुलेन्स को हालको स्वरुप परिवर्तन गर्न आवश्यक देखिएकोले स्वरुप परिवर्तनको**

लागी सहमती माग गर्ने यातायात व्यवस्था कार्यालय तुलसीपुर दाङ लाइ अनुरोध गर्ने निर्णय पारित गरियो ।

ख) थवाङ गाउँपालिका वडा न. २ श्री दिपज्योति प्राथमिक विद्यालय डुलिडाँडा मा विद्यार्थी सङ्ख्या ३ जना भएकोले सो विद्यालयमा कार्यरत शिक्षिका अन्जु पुन (सट्टा शिक्षक) लाइ श्री जनसहभागीता आधारभुत विद्यालय थवाङ २ दहवाङ मा काजमा खटाउने र सो विद्यालयमा कार्यरत शिक्षक कमल प्रकाश ओली लाइ गाउँकार्यपालिका को कार्यालयमा अर्को व्यवस्था नभए सम्मको लागी शिक्षा युवा तथा खेलकुद शाखामा काजमा खटाउने निर्णय पारित गरियो ।

ग) थबाङ गाउँपालिकाको सूचना नं ४७/०८२/०८३ मिति २०८२/१०/०८ गतेको जग्गा दान सम्बन्धी सूचना बमोजिम वडा नं ४ स्थित ४ नं वडा कार्यालयलाई बहादुर सिं घर्तिले दान दिने भनेको जग्गामा वडा कार्यालयको भवन निर्माण गर्नका लागि मापदण्ड बमोजिम अपुग भएकाले पुनः जग्गा दानका लागि सूचना गरेबमोजिम निवेदक दिलमान पुन, सिर कुमारी पुन र कमला घर्तिले जग्गा दान दिन इच्छुक रहेको भनि निवेदन प्राप्त भएकाले निजको नाममा दर्ता श्रेस्ता रहेका जग्गा कित्ता नम्बर २५१ क्षेत्रफल ३७८० वर्गमिटरबाट ८६० (पूर्व दक्षिण) वर्गमिटर, कित्ता नं २१७१ क्षेत्रफल १९१० वर्गमिटरबाट ६१० (उत्तर) वर्गमिटर, कित्ता नं २१७२ क्षेत्रफल ९५५ वर्गमिटरबाट ३१० (उत्तर) वर्गमिटर र कित्ता नं २१७० क्षेत्रफल ९५५ वर्गमिटरबाट ३०० (पश्चिम) गरी कुल जम्मा १८१० वर्गमिटर रेजिष्ट्रेशन पारित गर्नका लागि प्रतिनिधि खटाई पठाउने र उक्त कार्यालय सार्वजनिक कार्यालय भएको हुँदा राजश्व समेत मिनाहा गर्नका लागि समेत सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।